*"हाम्रो भञ्ज्याङ् हाम्रो शान,*
*गुणस्तरीय र समावेशी शिक्षा हाम्रो अभियान !"*



# श्री भञ्ज्याङ आधारभूत विद्यालय

## हेलम्बु गाउँपालिका वडा नं. ५, सिरिसे, भञ्ज्याङ



# विद्यालय प्रोफाइल

## २०८०

## कक्षागत विद्यार्थीको तथ्याङ्क-२०८०

| क्र.सं | विवरण | जम्मा विद्यार्थी सङ्ख्या | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | | दलित | अपाङ्गता भएका | सीमान्तकृत | |
| | | छात्र | छात्रा | जम्मा | | | | |
| १ | प्रारम्भिक बालविकास | ३ | ४ | ७ | | - | | |
| २ | प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना | ९ | १ | १० | | | | |
| ३ | कक्षा २ | | ७ | ७ | | | | |
| ४ | कक्षा ३ | १ | ६ | ७ | | | | |
| ५ | कक्षा ४ | ४ | ३ | ७ | | | | |
| कक्षा ECD देखि ५ सम्मको विद्यार्थी सङ्ख्या ६५ | | १७ | २१ | ३८ | | | | |




विद्यालयमा प्रतिनिधित्व गर्ने समुदाय र ती समुदायबाट बालबालिकाहरुलाई विद्यालय आउन लाग्ने समय

## १. परिचय:

### १.१. विद्यालयको भौगोलिक अवस्था:

श्री भञ्ज्याङ आधारभूत विद्यालय सिन्धुपाल्चोक जिल्लाको, हेलम्बु गाउँपालिका वडा नं ५ स्थित सिरिसे गाउँमा छ । यो विद्यालयको स्थापना वि.सं.२०५० सालमा भएको हो । राजधानी काठमाडौंबाट करिब १०० कि.मि. उत्तरमा रहेको यस विद्यालयबाट आमा याङ्री, लाङटाङ राष्ट्रिय निकुञ्ज जस्ता प्रसिद्ध पर्यटकीय स्थलहरु सहजै दृश्यावलोकन गर्न सकिन्छ । त्यस्तै विद्यालय नजिकको क्षेत्रमा हरियाली वनजङ्गल, सिरिसे खोला तथा राष्ट्रिय गौरबका आयोजना मेलम्ची खानेपानीको सुरुङ मार्ग रहेको छ । यस विद्यालयको पूर्वमा ग्याल्थूम गाउँ, पश्चिममा पिप्से चित्रे गाउँ, उत्तरमा लावागाउँ तथा दक्षिणमा मानेडाँडा पर्दछ । यस विद्यालय वरिपरी डाँडा तथा भिरालो जमिन र बिचमा केही भाग समथर भएको ठाउँमा बनेको हुँदा यस विद्यालयको नाम भञ्ज्याङ प्रा.वि. राखिएको हो ।

### १.२. विद्यालय स्थापनाको लागि योगदान गर्ने व्यक्ति तथा संस्था:

यस क्षेत्रका बालबालिकाहरु विद्यालयको स्थापना अगाडि जंगल पार गर्दै एक घण्टा पैदल हिँडेर सरस्वती मा.वि. तथा सर्वोदय मा.वि. विद्यालय जानु पर्ने वाध्यता थियो । यसले गर्दा बालबालिकामा विद्यालय छाड्ने दर बढी थियो । त्यसकारण तत्कालीन स्थानीय बुद्धिजीवी तथा शिक्षाप्रेमीहरु जित बहादुर तामाङ, हरिकुमार शर्मा, मान बहादुर तामाङ तथा प्रेम तामाङ लगायतको संयुक्त पहलमा उक्त विद्यालय स्थापना भएको हो । स्थापना कालमा एक्सन एड नेपालले ३ कोठे भवन निर्माणको लागि आर्थिक सहयोग गरेको थियो । वि.स. २०७२ सालको भूकम्पको कारण विद्यालयको पुरानो भौतिक संरचनाहरु ध्वस्त भएपछि विद्यालय भवन पुनर्निर्माणको लागि कारितास स्वीट्जरल्याण्डले हालको संरचना निर्माणमा सहयोग गरेको हो । भवन निर्माणको लागि संस्थाले ८२ लाख १२ हजार ६३४ रुपैयाँ बराबरको आर्थिक एवं प्राविधिक सहयोग गरेको छ । विद्यालय भवन र विद्यालय राम्रो भएता पनि यँहाका आभिभावकहरुमा शैक्षिक क्रियाकलाप तथा गुणस्तरसँग सन्तुष्टि थिएन । त्यस कारण समयको माग संगै प्राय: आर्थिक रुपमा सक्षम आभिभावकहरुले नजिकैको इष्ट पोइन्ट एकेडेमीमा पढाउन थालेको थिए । जसका कारण यस विद्यालयमा विद्यार्थी संख्या अत्यधिक कम हुन पुगेको थियो । जसका कारण यस विद्यालय नजिकैको विद्यालय सर्वोदय मा.वि. सँग मर्ज हुन सक्ने कुरामा तत्कालीन विद्यालय निरिक्षण योग बहादुर थापा सरले विद्यालय परिवारसँग कुरा कानी गरिसक्नु भएको थियो । त्यस कारण विद्यालय मर्ज हुने डरले यँहाको आभिभावक सरोकारवालाहरु मिलेर यहाँको स्थानीय शिक्षक ल्हाक्पा तामाङको नेतृत्वमा २०७४ सालबाट अंग्रेजी माध्यमबाट शैक्षिक क्रियाकलापहरु संचालन गरि हालसम्म निरन्तर यस विद्यालयले सकारत्मक तथा सुधारत्मक शिक्षण क्रियाकलापका कार्य गर्दै आइरहेको र आभिभावकहरुको मन जित्ने गरी काम गरिरहेको छ । यस विद्यालय लाई मर्ज हुनबाट बचाउन र गुणस्तरको शैक्षिक काम गर्न सहयोग गर्नुहुने यस विद्यालयका तत्कालीन वि.व्य.स अध्यक्ष मान बहादुर तामाङ समाजसेवी अशोक तामाङ वि.व्य.स सदस्य सुकु तामाङ टोल विकास अध्यक्ष प्रेम तामाङ र अभिभावक सरिता तामाङ र गिता तामाङको निकै ठुलो योगदान र अतुलनीय संघर्ष रहेको छ । हाल यहीँ व्यक्तिहरुको साथ सहयोगले गर्दा हेलम्बु गाँउपालिकाको अध्यक्ष र शिक्षा शाखाको प्रमुखले पनि विद्यालय अनुगमनको क्रममा विद्यालयको शैक्षिक क्रियाकलापमा आभार सहित धन्यवाद व्यक्त गर्नु भएको छ ।

## २. विद्यालय सेवाक्षेत्रका समुदाय:

यस भञ्ज्याङ आधारभूत विद्यालय क्षेत्रको सिरिसे गाउँ अन्तर्गतको स्याङतान डाँडा, ब्लोन टोल, बोमजन  टोल र चोहो टोलका बालबालिका अध्ययनको लागि यस विद्यालयमा आउँछन् । भने यस विद्यालयको २०७४ सालबाट गरेको शैक्षिक सुधारत्मक अभियान बाट यस विद्यालयमा भएको शैक्षिक क्रियाकलाप गाँउको छोरीहरु अन्यत्र विवाह गरी जानुभएको व्यक्तिहरुको बालबालिकाहरु आफनो आफन्तको बसेर यस विद्यालयमा अध्ययन गरिरहेको छ । २ जना मेलम्चीका बालबालिका आफन्तको बसेर पढ्ने गरेको छन् । यस गाउँमा अधिकांश तामाङ जातिहरुको बाहुल्यता छ । यहाँका मानिसहरु बौद्ध तथा क्रिष्चियन धर्म मान्दछन् ।

### २.१. समुदायका मानिसका बसाइ सराइको अवस्था:

अस्थायी रुपमा बसाइ सराइ जाने ठाउँ मुख्य गरी काठमाडौं उपत्यका हो । त्यसैगरी सडक नजिकका बजारहरु सेरा, ग्याल्थुम, मेलम्ची लगायतका ठाउँमा पनि विभिन्न व्यवसायको लागि अस्थायी रुपमा बजार क्षेत्रतिर झर्ने चलन छ ।

### २.२ विद्यालयको सेवाक्षेत्रको समुदायमा जीविकोपार्जनको अवस्थाः

यहाँका मानिसहरुको मुख्य पेशा कृषि तथा पशुपालन हो । कृषि अन्तर्गत मकै, कोदो, गहुँ आदि यहाँका मानिसका मुख्य बाली हो । यस बाहेक व्यवसायिक तरकारी खेती तथा सुन्तला, लगायतको फलफूल खेती पनि यहाँका मानिसहरुले गर्दै आएका छन् । व्यवसायिक बाखा पालन तथा कुखुरा पालन पनि गाउँमा हुने गरेको छ । यस प्रकारको जीविकोपार्जन गतिविधिलाई जलवायु परिवर्तनबाट हुने बाढी, पहिरो, खडेरी, तथा नदी कटान लगायतले जोखिम बढाएको हुन्छ । विद्यालय क्षेत्रभित्र ८८ घरधुरी रहेको छ (स्रोतः हेलम्बु गाउँपालिकाको स्थानीय जलवायु अनुकूलन कार्ययोजना, २०८०) । उक्त घरधुरीको जीविकोपार्जनको स्रोत तथा जोखिम विश्लेषण गर्ने क्रममा कार्ययोजना, २०८० अनुसार प्राकृतिक जोखिमलाई उच्च, मध्यम र न्यून जोखिम घरधुरीको रुपमा पहिचान गरिएको छ। प्राकृतिक जोखिमले जीविकोपार्जनमा प्रत्यक्ष असर पारेको हुन्छ। भने यहाँ युवाहरु बैदेशिक रोजगारीका लागि अरबका विविध देशहरु संगै दक्षिण कोरिया जापान जस्ता देशहरुमा पनि छन् ।

### २.३ विद्यालय क्षेत्रभित्रको समुदाय र विद्यालय जाने उमेरका बालबालिकाको अवस्थाः

यस विद्यालय क्षेत्रमा विद्यालय जाने उमेरका कोही पनि बालबालिका विद्यालय बाहिर छैनन्। त्यसैगरी विद्यालय छाडेर अन्य ठाउँमा तथा गुम्बामा जाने बालबालिका पनि यस विद्यालयको क्षेत्रमा पाइएको छैन ।

| क्र.सं. | गाउँको नाम | विद्यालय बाहिर रहेका बालबालिकाको संख्या | बिचैमा विद्यालय छाडेका बालबालिका |
|---|---|---|---|
| १. | मेटोल | छैन | छैन |
| २. | चोहोटोल | छैन | छैन |
| ३. | ब्लोनटोल | छैन | छैन |
| ४. | फर्मासाङ | छैन | छैन |

### २.४ विद्यालयबाट अन्यत्र गएका बालबालिकाको विवरण

**शैक्षिक वर्ष २०८०**

| क्र.सं. | गाउँको नाम | गुम्बा | अन्य विद्यालय | अन्य ठाउँ | जम्मा |
|---|---|---|---|---|---|
| १. | मेटोल | छैन | छैन | छैन | |
| २. | चोहोटोल | छैन | छैन | छैन | |
| ३. | ब्लोनटोल | छैन | छैन | छैन | |
| ४. | फर्मासाङ | छैन | छैन | छैन | |

**शैक्षिक वर्ष २०७९**

| क्र.सं. | गाउँको नाम | गुम्बा | अन्य विद्यालय | अन्य ठाउँ | जम्मा |
|---|---|---|---|---|---|
| १. | मेटोल | छैन | ३ | | |
| २. | चोहोटोल | छैन | छैन | छैन | |
| ३. | ब्लोनटोल | छैन | छैन | छैन | |
| ४. | फर्मासाङ | छैन | छैन | छैन | |

**शैक्षिक वर्ष २०७८**

| क्र.सं. | गाउँको नाम | गुम्बा | अन्य विद्यालय | अन्य ठाउँ | जम्मा |
|---|---|---|---|---|---|
| १. | मेटोल | छैन | ३ | | |
| २. | चोहोटोल | छैन | छैन | छैन | |
| ३. | ब्लोनटोल | छैन | छैन | छैन | |
| ४. | फर्मासाङ | छैन | छैन | छैन | |

## ३. भौतिक पूर्वाधारः

### ३.१ समुदायको भौतिक पूर्वाधारः

गाउँपालिकाको अन्य गाउँहरुमा जस्तै यस विद्यालय क्षेत्रमा पनि कच्ची मोटर बाटो बनेको छ। त्यसैगरी सबै घरमा विद्युत पुगेको छ। सुरक्षित पिउने पानी लगायतका आधारभूत भौतिक पूर्वधार विकासमा यहाँका समुदायको पहुँच छ ।

**विद्यालयको भौतिक सम्पत्तिको अवस्था:**

विद्यालयमा हाल ३८ जना बालबालिका अध्ययनरत छन् र कक्षा ५ सम्म सञ्चालित छ । त्यस अनुरुप विद्यालयसँग आवश्यक भौतिक पूर्वाधारको अभाव देखिँदैन । विद्यालयको दुईवटा भवन छ । खानेपानी तथा शौचालयको व्यवस्था छ । हाल विद्यालयसँग तल उल्लेख भएअनुसारको भौतिक संरचना उपलब्ध छ ।

| भौतिक संरचनाको नाम | उपलब्ध संख्या | कैफियत |
|---|---|---|
| भवन | २ वटा | १ वटा भवनको माथिल्लो तल्ला ढलान गर्न बाँकी |
| कक्षा कोठा | ६ | |
| कार्यालय कोठा | १ | |
| शौचालय संख्या | १ वटा | छात्रा छात्रको लागि फरक फरक कोठाको व्यवस्था छ |
| खानेपानीको व्यवस्था | १ वटा छ | प्रयेक कक्षा कोठामा फिल्टरको व्यवस्था गरिएको छ । |
| खेल मैदान | १ छ | |
| **फर्निचर** | | |
| डेस्क बेन्च | १५ सेट | |
| कुर्सी | ९ वटा | |

### ३.१.१ विद्यालयमा दिवा खाजाको व्यवस्था

विद्यालयमा दिवा खाजाको राम्रो प्रबन्ध गरिएको छ । दिबा खाजा विद्यालयले नै स्थानीय स्तरमा उपलब्ध स्रोत सामग्रीबाट बनाउने गरेको छ । कक्षा १- ५ का लागि संघीय सरकारले ब्यबस्था गरेको छ ।


### ३.२ बालविकास (ECD) कक्षा:

विद्यालयमा छुट्टै इसिडि कक्षा उपलब्ध छ र सो कक्षाको अवस्था ठीकै छ ।

### ३.३ विद्यालयको अचल सम्पत्ति:

यस आधारभूत विद्यालयलाई विद्यालयको नाममा खरिद भएको एक रोपनी जग्गा बाहेक अन्य कुनै अचल सम्पत्ति छैन । हाल विद्यालयको २ वटा भवन छ । एउटा तीनकोठे भवन कारितास स्विजरल्याण्डको सहयोगमा भूकम्प पश्चात् निर्माण भएको हो । अर्को दुईकोठे भवन गाउँपालिकाको अनुदानबाट बनाइएको हो । जसको माथिल्लो तल्ला ढलान भएको छ । भने फिनिसिङ हुन बाँकी रहेको छ ।

| जग्गा | विद्यालयको नाममा छ | व्यक्तिको नाममा |
|---|---|---|
| १. एक रोपनी | विद्यालयको नाममा छ | |



## ४. विद्यालय व्यवस्थापन समिति:

वर्तमान विद्यालय व्यवस्थापन समिति श्री ल्हाक्पा तामाङको अध्यक्षतामा २०७९ मंसिर ९ गते गठन गरिएको हो। वर्तमान समितिमा ३ जना महिला तथा ४ जना पुरुष सदस्य रहेका छन्। यस समितिको बैठक नियमित रुपमा बस्ने गरेको छ।

यस भन्ज्याङ विद्यालय सञ्चालनको लागि स्थानीय मान बहादुर तामाङले विद्यालय व्यवस्थापन समितिको अध्यक्षको रुपमा १० वर्ष नेतृत्व गर्नु भएको छ। उहाँ २०६० देखि २०७० को बीचमा समितिको विद्यालय व्यवस्थापन अध्यक्ष हुनुहुन्थ्यो।


समितिका वतर्मान पदाधिकारीहरुको विवरण यस प्रकार रहेको छ:

| क.सं | नाम थर | लिङ्ग | पद | प्रतिनिधित्व | अपाङ्गता | शैक्षिक स्तर | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|---|
| १. | ल्हाक्पा तामाङ | पु | अध्यक्ष | अभिभावक | छैन | बि.एड. | सिरिसे | ९८६११९५८०८ |
| २. | सुकु तामाङ | म | सदस्य | अभिभावक | छैन | साक्षर | सिरिसे | ९८१३३०१२७१ |
| ३. | नविना तामाङ | पु | सदस्य | अभिभावक | छैन | एस.एल.सी. | सिरिसे | ९८१८६२२०९७ |
| ४. | कल्पना तामाङ | म | सदस्य | अभिभवक | छैन | साक्षर | सिरिसे | ९८६३३२७४०० |
| ५ | सरिता तामाङ | म | सदस्य | वडा प्रतिनिधि | छैन | एस.एल.सी | सिरिसे | ९८६०३६८४८२ |
| ६ | हिरा बहादुर तामाङ | पु | सदस्य | शिक्षक प्रतिनिधि | छैन | बि.एड. | ग्याल्थुम | ९८४०९१५६०४ |
| ७ | बल बहादुर तामाङ | पु | सदस्य सचिव | प्रधानाध्यापक | छैन | बि.एड. | मेलम्ची | ९८१२५००७६२ |

## ५. विद्यालयमा अन्य व्यवस्था:

विद्यालयको समग्र विकासको लागि विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ जस्तै अन्य समिति तथा फोकल व्यक्तिको पनि आवश्यकता पर्दछ। यस विद्यालयमा बाल क्लब गठन गरिएको छ। तर अन्य समिति तथा फोकल व्यक्तिको व्यवस्था भने गरिएको छैन।

### ५.१ विद्यालयको सुरक्षित बहिर्गमन नक्सा




## ६. शिक्षक अभिभावक संघ:

शिक्षा नियमावलीमा हरेक विद्यालयमा शिक्षक अभिभावक संघ गठन हुनु पर्ने व्यवस्था छ। तर हेलम्बु गाउँपालिकाका धेरै विद्यालयमा गठन हुन सकेको थिए। यस भञ्ज्याङ आधारभूत विद्यालयमा पनि शिक्षक अभिभावक संघ गठन भएको थिएन। जस्ट

नेपाल फाउण्डेसनले तीनवर्ष अगाडि "हाम्रो समुदाय, हाम्रो विद्यालय" परियोजना कार्यान्वयनको क्रममा विद्यालयलाई शिक्षक अभिभावक संघ गठन गर्न सहजीकरण गरेको थियो । वर्तमान शिक्षक अभिभवक संघ पनि २०७९/८/९ गते वर्तमान विद्यालय व्यवस्थापन समिति गठन भएकै दिन गठन गरिएको हो । संघको पदाधिकारीको नामावली निम्नानुसार रहेको छ ।

**६.१ पदाधिकारीको नाम**

| क.सं | नाम थर | लिङ्ग | पद | प्रतिनिधित्व | जात | शैक्षिक स्तर | अपाङ्गता | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | गीता तामाङ | म | अध्यक्ष | अभिभावक | | साक्षर | छैन | सिरिसे | ९८२३०५९०८१ |
| २. | सीतामाया तामाङ | म | सदस्य | अभिभावक | | साक्षर | छैन | सिरिसे | ९८१३७२२८३९ |
| ३. | कामी तामाङ | म | सदस्य | अभिभावक | | साक्षर | छैन | सिरिसे | |
| ४. | सीता सापकोटा | म | सदस्य | शि.प्रतिनिधि | | बि.एड. | छैन | सिरिसे | ९८६०७१०७९४ |
| ५ | कृष्णबहादुर तामाङ | पु | सदस्य | अभिभावक | | साक्षर | छैन | सिरिसे | |
| ६ | बल बहादुर तामाङ | पु | सदस्य | सदस्य सचिव | | बि.एड. | छैन | मेलम्ची | ९८१२५००७६२ |

**६.२ शिक्षक अभिभावक संघको बैठक:**

शिअस बैठक छुट्टै बस्ने गरेको छैन । विद्यालय व्यवस्थापन समितिसँग संयुक्त बस्ने गरेको छ ।

## ७. शिक्षक तथा कर्मचारीको अवस्था:

विद्यालयमा २ जना शिक्षक प्रा.वि. स्थायी दरवन्दी र प्रारम्भिक बालबाविकास कक्षाका लागि गाउँपालिकाले एकजना अनुदान शिक्षक उपलब्ध गराएको छ । कक्षा ४ सम्म सञ्चालनको लागि शिक्षक अपुग भएपछि, हाल विद्यालयले निजीस्रोतमा एकजना शिक्षक व्यवस्था गरेको छ । वर्तमान शिक्षकको विवरण ७.१ मा उल्लेख गरिएको छ ।

**७.१ शिक्षक विवरण:**

| क्र.सं | नाम | पद | तह | किसिम | योग्यता | प्राप्त तालिम |
|---|---|---|---|---|---|---|
| १. | बल बहादुर तामाङ | प्र.अ. | प्रा.वि. | स्थायी | बि.एड. | |
| २. | हिरा तामाङ | शिक्षक | प्रा.वि. | निजि | बि.एड. | |
| ३. | सीता सापकोटा | शिक्षक | प्रा.वि. | स्थायी | बि एड. | |
| ४. | तुलसी तामाङ | शिक्षक | | गा.पा. अनुदान | +२ | |
| ५. | सञ्जय तामाङ | शिक्षक | | निजिस्रोत | +२ | |

**७.२ तहगत शिक्षक संख्या**


यस विद्यालयमा हाल कार्यरत शिक्षकहरुको तहगत र विषयगत विवरण यस प्रकार छ ।

| तह | सञ्चालित कक्षा संख्या | शिक्षक संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | प्रकार | | | जम्मा | | |
| | | स्वीकृत दरवन्दी | गा.पा. अनुदान | निजीस्रोत | जम्मा | महिला | पुरुष |
| प्रारम्भिक बालविकास | १ | | १ | | १ | १ | |
| आधारभूत कक्षा १-४ | ३ | २ | | १ | ३ | १ | २ |
| **जम्मा** | | **२** | **१** | **१** | **४** | **२** | **२** |

## ८. विद्यार्थी संख्या तथा विद्यालय सञ्चालनको अवस्थाः

यस खण्डमा तीन शैक्षिक वर्षको विद्यार्थी संख्या प्रस्तुत गरिएको छ। तीनवर्षको कूल विद्यार्थी संख्या संख्या हेर्दा विद्यालयले गुणस्रीय शिक्षा प्रदान गर्दै आएको भएपनि विद्यार्थी संख्या भने घट्दो छ । यसको मुख्य कारण वैदेशिक रोजगारी तथा जन्मदर कम हुनु बताइएको छ। तीनवर्षको विद्यार्थी संख्या विवरण निम्नानुसार प्रस्तुत गरिएको छ।

### ८.१ विद्यार्थी संख्याको विवरण




### ८.२ विद्यालय सञ्चालनको अवस्थाः

**विद्यालय सञ्चालन अवस्था २०७९**

| क्र.सं. | विवरण | बार्षिक औषत दिन | निर्धारित मापदण्ड |
|---|---|---|---|
| १ | विद्यालय खुलेको दिन | २०२ | २२० दिन भन्दा बढी |
| २ | पठनपाठन भएको दिन | १९० | न्यूनतम वार्षिक<br>कक्षा १-४ –१९२ |
| ३ | प्रारम्भिक बालविकासका विद्यार्थीको औसत उपस्थिति | ९० % | न्यूनतम बार्षिक १९२ |
| ४ | कक्षा १-४ का विद्यार्थीको औसत उपस्थिति | ९३% | न्यूनतम बार्षिक २१० |
| ८ | विद्यालयमा शिक्षकको औसत उपस्थिति | ९८% | विद्यालय खुलेको दिन मध्ये ९२% |
| ९ | विद्यालयमा शिक्षण सिकाई समय तहगत | | कक्षा १-३ =८१६ घण्टा प्रति कक्षा |
| | | | कक्षा ४ =९३६ घण्टा प्रति कक्षा |

## ९ विद्यालय सुधार योजनाः

(क) हाल कार्यान्वयनमा रहेको विद्यालय सुधार योजना माथि उल्लेख गरिए अनुसारको समस्याहरुलाई सकेसम्म सम्वोधन गर्ने गरी बनेको देखिन्छ। योजना २०८० देखि २०८४ सम्म पाँच वर्षको लागि बनाइएको छ। उक्त योजनामा हरेक वर्षको छुट्टै वार्षिक योजना रहेको छ। अभिभावक तथा सरोकारवालाहरुको दुईदिने कार्यशाला मार्फत उक्त योजना मस्यौदा समितिले तयार गरी अन्तिम रुप दिइएको हो। योजनामा विद्यालय सुधारको लागि बजेटरी तथा नन्बजेटरी दुवै प्रकारको कृयाकलापहरु समावेश गरिएको छ।

(ख) वि.सु.यो. निर्माण गर्दा विद्यालय तल उल्लेख गरिए अनुसार प्रकृया अपनाईको थियो।




## १०. वार्षिक योजना तथा बजेटः

यस विद्यालयको सातवर्षको आर्थिक कारोवारको विवरण तलको तालिकामा प्रस्तुत गरिए अनुसार रहेको छ ।

| आ.व | २०७४/०७५ | | २०७५/०७६ | | २०७६/०७७ | | २०७७/०७८ | | २०७८/०७९ | | २०७९/०८० | | २०८०/०८१ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वार्षिक बजेट | १०,१८,२८१ | | २१,१४,९२० | | २१,५३,५५७ | | १७,८१,२८१ | | १६,१०,६६२ | | १६,०७,०५६ | | | |
| | तलब | अन्य | तलब | अन्य | तलब | अन्य | तलब | अन्य | तलब | अन्य | तलब | अन्य | तलब | अन्य |
| | ८,७३,०६६ | १,४५,२१५ | १६,५४,९२० | ४,६०,००० | ११,५३,१९३ | १०,००,३६४ | १५,७२,१३२ | २,०९,१४९ | १३,३६,०८७ | २,७४,५७५ | १३,०४,९९१ | ३,०२,०६५ | | |

## ११. विद्यालयको सुशासनः

विद्यालयको गतिबिधिहरुलाई समुदाय स्तरमा पुऱ्याउनका लागि विद्यालयले अपनाउदै आएका सूचना तथा सञ्चारका गतिविधिहरु तपसिल बमोजिमका रहेका छन् ।




## १२. विद्यालयको सबल पक्षहरुः

विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरुका भनाईअनुसार विद्यालयमा अडियो-भिजुअलको माध्यमबाट कक्षा सञ्चालन हुन्छ । विद्यालय छाड्ने बालबालिकाको दर शून्य छ । साथै विद्यालयमा अभिभावकको संलग्नता निरन्तर छ ।

## १३. चुनौति तथा समस्याः

आन्तरिक रुपमा समाधान गर्न नसकिने समस्या चुनौति हो । जस्तैः गाउँमा छेवार, घेवा वा अन्य कुनै साँस्कृतिक तथा धार्मिक गतिविधि गाउँमा हुँदा बालबालिकाहरु विद्यालयमा अनुपस्थित हुने कुरामा हाल शिक्षक आभिभावक संघ सक्रियतामा यस कुरामा निरन्तर काम गर्दै आएकोमा केही सुधारत्मक अवस्थामा रहेको छ ।  विद्यालयले निजी स्रोतमा एकजना शिक्षकको व्यवस्था गरेको

छ। जसको लागि बजेट व्यवस्था गर्न निकै कठिनाई हुने गरेको छ। समस्या गाउँमा जन्मदर नै कम भएपछि विद्यालयमा वर्षेनी विद्यार्थी संख्या घट्दो छ। भने केही नयाँ प्रकारको प्रविधिपूर्ण विषयवस्तुको ज्ञान दिन आवश्यक स्रोत साधनको अभाव रहेकोले सीमित मात्र सिकाइ भएको छ।

**विद्यार्थीको सिकाइ उपलब्धि विवरण : २०७९**

**विद्यार्थीको औसत सिकाइ उपलब्धी विवरण**

| कक्षा | विद्यार्थी संख्या | अनिवार्य विषयहरुको विषयगत औसत सिकाइ उपलब्धी | | | | | | | कक्षागत औसत सिकाइ उपलब्धी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | नेपाली | अंग्रेजी | गणित | सामाजिक | थप अंग्रेजी | कम्प्युटर | विज्ञान | |
| प्रारम्भिक बालविकास | ९ | | | | | | | | |
| कक्षा १ | १० | ८१% | ७७% | ८८% | ८०% | ८७% | | | ८२% |
| कक्षा २ | ७ | ७६.३% | ७६% | ७३% | ६१% | ६९% | ७९% | | ७२% |
| कक्षा ३ | ८ | ६५% | ५४.६% | ५७.२ | ४७.८% | ५६.६% | ५३% | | ५५ % |
| कक्षा ४ | ११ | ५८% | ५३% | ५८.२% | ५५% | ५८.९% | ६४% | ५७% | ५७.७२% |
| | | | | | | | | | |
| औसत कक्षा १-४ | ४५ | ६६% | ६५% | ६९% | ६०.७५% | ६७% | ६५% | ५७% | ६६.६८ |

**विद्यार्थीको सिकाई उपलब्धि विवरण: २०८०**

**तालिका ३: विद्यार्थीको औसत सिकाइ उपलब्धी विवरण**

| कक्षा | विद्यार्थी संख्या | | **अनिवार्य विषयहरुको विषयगत औसत सिकाइ उपलब्धी** | | | | | | | कक्षागत औषत सिकाइ उपलब्धी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाली | अङ्ग्रेजी | गणित | सामाजिक | थप अङ्ग्रेजी | कम्प्युटर | विज्ञान | |
| | **जम्मा** | | | | | | | | | |
| | **छात्रा** | **छात्र** | | | | | | | | |
| प्रारम्भिक बालविकास | ९ | | - | - | - | - | - | - | - | - |
| | ३ | ६ | | | | | | | | |
| कक्षा १ | १० | | ७८ | ७७ | ७२ | ६० | ७५ | | | ७२.४ प्रतिशत |
| | १ | ९ | | | | | | | | |
| कक्षा २ | ७ | | ९० | ८८ | ८० | ७३ | ७९ | | | ८२ प्रतिशत |
| | ७ | ० | | | | | | | | |
| कक्षा ३ | ७ | | ७८ | ७७ | ६९ | ६३ | ५७ | | | ६८.८ प्रतिशत |
| | ६ | १ | | | | | | | | |
| कक्षा ४ | ७ | | ७३ | ७० | ७७ | ६२ | ६४ | | | ६६प्रतिशत |
| | ३ | ४ | | | | | | | | |
| औसत कक्षा १-४ | **३८** | | | | | | | | | |


**अन्तमा:**

हेलम्बु क्षेत्रमा वि.स. २०१५ सालकै आसपासबाट सार्वजनिक विद्यालय सुरु भएको हो। हाल दुईवटा निजि विद्यालय सहित हेलम्बु गाउँपालिकामा ३४ वटा विद्यालय सञ्चालनमा छन्। श्री भञ्ज्याङ आधारभूत विद्यालय २०५० सालमा स्थापना गरिएको हो। यसले सिरिसे गाउँ र वरपरका बालबालिकालाई विद्यालय शिक्षाको लागि राम्रो सुविधा प्रदान गरेको छ। पछिल्लो समय विद्यालयले अभिभावकको माग अनुसार अंग्रेजी माध्यमबाट पठनपाठन गर्दै आएको छ। शैक्षिक गुणस्तरलाई विशेष ध्यान दिई पठनपाठन सञ्चालन गर्दै आएकोले विद्यालयले आम अभिभावक तथा सरोकारवालाको विश्वास जितेको छ। विद्यालयले गुणस्तरीय शिक्षा दिन थालेपछि निजि विद्यालय छोडेर समेत यस विद्यालयमा अध्ययन गर्न आउन थालेका छन्। गुणस्तरीय शिक्षा दिन सफल भएपछि यस विद्यालयको लोकप्रियता बढ्दो छ।

# सिकाइ उपलब्धी विवरणः २०८०

<table>
<tr><th rowspan="2">कक्षा</th><th rowspan="2">विद्यार्थी सङ्ख्या</th><th colspan="6">अनिवार्य विषयहरुको विषयगत औसत सिकाइ उपलब्धी</th><th rowspan="2">कक्षागत औसत सिकाइ उपलब्धी</th></tr>
<tr><th>नेपाली</th><th>अङ्ग्रेजी</th><th>गणित</th><th>मेरो सेरोफेरो /सामाजिक</th><th>विज्ञान</th><th>OPT./स्वास्थ्य तथा शारीरिक</th></tr>
<tr><td>प्रारम्भिक बालविकास</td><td></td><td colspan="7" rowspan="4">निरन्तर मूल्याङ्कन पद्धतिबाट मूल्याङ्कन भइरहेको</td></tr>
<tr><td>कक्षा १</td><td></td></tr>
<tr><td>कक्षा २</td><td></td></tr>
<tr><td>कक्षा ३</td><td></td></tr>
<tr><td>कक्षा ४</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>कक्षा ५</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>औसत कक्षा १-५</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>कक्षा ६</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>कक्षा ७</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>कक्षा ८</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>औसत कक्षा ६-८</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

# हेलम्बुको नक्सा र भञ्ज्याङ आधारभूत विद्यालय




**Legend**

**Schools**

1 Urleni BS
2 **Bhanjyang BS**
3 Srijana BS
4 Siddhartha BS
5 **Sarbodaya SS**
6 **Padmeshwori BS**
7 Gyanodaya BS
8 Mahakali Nindeshwori BS
9 Saraswoti SS
10 East Point SS
11 Mahendra BS
12 Harisidhi BS
13 Pating BS
14 Mahakaleshwori BS
15 Dhapsung BS
16 Helambu Boddhisattva Model SS
17 Ichok SS
18 Mahendra SS
19 Manikantheshwori BS
20 Sathdhara BS
21 Risankhumane BS
22 Jayabageshwori SS
23 Ishing BS
24 Palchowk SS
25 Yangrima SS
26 Setidevi BS
27 Chitre BS
28 Bhumeshwori SS
29 Golmadevi SS
30 Sarkathali BS
31 Pemachholing SS
32 Gorakhnath BS
33 Melamchighyang SS
34 Bolde BS
35 Nurbuling SS

Email: bhanjyangbasicschool@gmail.com

Lat: N27$^{0}$53'5''  Long: 85$^{0}$30'47''  Altd: 1415.81m